मेरो देश मेरै उत्पादन




# CIM

## Facts Newsletter

Issue 30, Ashar 2081

५१ औं वार्षिक साधारण सभा
२०८१ असार १४

021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

# उद्योग संगठन मोरङको ५१औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहका अवसरमा

### अध्यक्ष श्री राकेश सुरानाद्वारा प्रस्तुत

## स्वागत मन्तव्य

उद्योग संगठन मोरङको ५१औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, नेपाल सरकारका उच्चपदस्थ अधिकृतज्यूहरू, व्यावसायिक संघसंस्था, प्रदेश, जिल्ला, नगर उद्योगवाणिज्य संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, उद्योग संगठन मोरङका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, संगठनका सल्लाहकारज्यूहरू, पदाधिकारी एवम् कार्यसमिति सदस्यज्यूहरू, विभिन्न ट्रेड युनियनका प्रदेश तथा जिल्लाका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, सदस्य औद्योगिक प्रतिष्ठानका सञ्चालक तथा व्यवस्थापक, उपस्थित सम्पूर्ण उद्योगी-व्यवसायी मित्रहरू, लब्धप्रतिष्ठित व्यक्तित्वहरू, सञ्चारकर्मी मित्रहरू एवम् सम्पूर्ण महिला तथा सज्जनवृन्दलाई साधारण सभाको समुद्घाटन समारोहमा हार्दिक स्वागत-अभिवादन गर्दछु ।

उद्योग संगठन मोरङ उत्पादनमूलक उद्योग-व्यवसायको हकहितको संरक्षण तथा प्रवर्धन गर्ने तथा आर्थिक एवम् औद्योगिक क्षेत्रको प्रवर्धन र विकासका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने लक्ष्यका साथ २०२४ सालमा स्थापना भएको हो । संगठनको आज ५१औं वार्षिक साधारणसभाका अवसरमा संस्थापक अध्यक्ष स्व. जुद्धबहादुर श्रेष्ठ एवम् पूर्व अध्यक्ष स्व. महेन्द्र गोल्छा तथा सबै पूर्व अध्यक्षज्यूहरूको योगदानको श्रद्धापूर्वक स्मरण गर्दछु । यस संगठनलाई २०३२ देखि ३८ सालसम्म नेतृत्व प्रदान गर्नुभएका पूर्व अध्यक्ष सी.पी.लोहनीज्यू २०८१ वैशाख १७ गते भौतिक रूपमा हामीबाट बिदा हुनुभएको छ । उहाँको असामयिक निधनप्रति हार्द्धिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । विभिन्न आरोह-अवरोह पार गर्दै आजका दिनसम्मको संगठनको यात्रामा साथ दिई यसको संस्थागत विकासमा सदैव साथ र सहयोग प्रदान गर्नुहुने संगठनका पदाधिकारीज्यूहरू, सदस्यज्यूहरू एवम् सम्पूर्ण सदस्य औद्योगिक प्रतिष्ठानहरू तथा संगठनलाई शुभेच्छा प्रदान गर्नुहुने नेपाल सरकार तथा विदेशी नियोगका विकास साझेदार संस्थाहरू, राजनीतिक दलका नेताज्यूहरू, ट्रेड युनियन, सञ्चारकर्मीज्यूहरू लगायत सम्पूर्ण उद्योगी-व्यवसायीप्रति उहाँहरूको सहयोग र सद्भावका लागि हृदयदेखि नै नमन गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

### मानननीय प्रमुख अतिथिज्यू

आर्थिक एवम् औद्योगिक विकासमा समर्पित यस संगठनको ५०औं वार्षिक साधारण सभाबाट मेरो नेतृत्वमा वर्तमान कार्यसमिति २ वर्षका लागि चयन भई २०८० जेठ १३ गते भएको पदस्थापनपछि कार्यसम्पादनमा जुटेको हो । हामीले २ वर्षको कार्यकालका लागि १३ बुँदे कार्ययोजना प्रस्तुत गरेका छौं । यस कार्ययोजनामा आर्थिक एवम् औद्योगिक क्षेत्रको प्रवर्धन र विकासको बृहत्तर लक्ष्य समाहित छ । यस अवधिमा हामीले अर्थतन्त्रमा छाएको शिथिलतालाई सम्बोधन गर्न तथा सरकारको ध्यानाकर्षण गराउन तथ्य र तथ्यांकमा आधारित बहस-पैरबीलाई निरन्तरता दिँदै आएका छौं । त्यसैगरी सरकार परिवर्तन भएपिच्छे आर्थिक नीतिमा हुने परिवर्तनको समीक्षा गर्दै नीतिगत स्थिरताका लागि सरकारलाई निरन्तर खबरदारी गर्दै आएको छौं । उद्योग- व्यवसाय क्षेत्रले भोग्दै आएको विद्युत्को समस्या न्यूनीकरण, सामान्य शङ्काको भरमा उद्योगी-व्यवसायीलाई थुन्ने परिपाटीको अन्त्य र चालु पुँजी कर्जाको सीमा परिमार्जन गर्न हामीले हस्तक्षेपकारी भूमिका गरेका छौं । त्यस्तै आइसिपीमा कार्गोरेल सञ्चालनमा ल्याउन सम्बन्धित सरकारी निकायलाई पर्याप्त दबाब दिएका छौं । उधारो कारोबारको नियमन र व्यवस्थापनका लागि निरन्तर पहल गरिरहेका छौं । औद्योगिक पूर्वाधारको विकास र स्वदेशी वस्तुको प्रवर्धनका लागि क्रियाशील छौं । भन्सार, राजस्व लगायतका क्षेत्रमा देखिएका समस्याका समाधानका निमित्त सधैं लागिपरेका छौं । साथै युवा उद्यमशीलता विकासका लागि स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरिरहेका छौं । हामीले सिआईएम नेपाल ह्युमन रिसोर्स समिट २०२४ को आयोजना सफलतापूर्वक गरिसकेका छौं । त्यस्तै उद्योगका लागि आवश्यक औद्योगिक-प्राविधिक जनशक्ति उत्पादनजस्ता क्षेत्रमा हामी निरन्तर कार्य गर्दै आएका छौं । यस उद्घाटन समारोहमा यस्ता विविध जानकारी गराउन पाउँदा मलाई हर्ष लागेको छ । हाम्रा कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबै सहयोगी व्यक्तित्व, संघ, संस्था, उद्योग, प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछु । औद्योगिक दक्ष जनशक्ति उत्पादनमा रहेको स्किल मिस म्याचको खाडललाई कम गर्न संगठनमा छुट्टै सिप विकास एकाइ स्थापनामार्फत् औद्योगिक जनशक्ति विकासमा सहकार्य गर्ने स्विस सरकारको सहयोगमा सञ्चालित इन्स्योर परियोजनालाई यस अवसरमा विशेष धन्यवाद प्रकट गर्दछु ।

## प्रमुख अतिथिज्यू एवम् उपस्थित महानुभावहरू,

हामीले संस्थागत विकास र सदस्य उद्योग प्रतिष्ठानलाई पुऱ्याएको सेवाका साथै औद्योगिक-व्यावसायिक क्षेत्रको प्रवर्धनका लागि खेलेको भूमिका, संघ/प्रदेश र स्थानीय निकायसँग साझेदारीका साथै सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कार्यहरू एवम् समग्र आर्थिक एवम् औद्योगिक विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो ५८औँ वार्षिक साधारण सभामा देशभरिका जिल्ला/नगर उद्योग-वाणिज्य संघमध्ये (क) वर्गबाट हामीलाई उत्कृष्ट संघका रूपमा सम्मानित गरेको छ। यो सम्मान हाम्रो मात्र नभएर तपाईंहरू सबैको हो। यस उपलक्ष्यमा तपाईंहरूसित सामूहिक रूपमा खुशी साटासाट गर्दछु र नेपाल उद्योग वाणिज्य महासंघलाई हार्दिक आभारका साथ धन्यबाद दिन चाहन्छु। तपाईंहरू सबैको सहयोग र सद्भावको प्रतिफलका रूपमा हामीले यस्तो सफलता हासिल गरेका हौँ। यसर्थ तपाई सबैप्रति आभार प्रकट गर्दछु। औद्योगिक क्षेत्रको चौतर्फी विकासमा प्रतिबद्ध यस संगठनलाई उद्यमशीलता विकासको व्यावसायिक इकोसिस्टम विकास गर्ने Center for Excellence संस्थाका रूपमा स्थापना गर्ने हाम्रो लक्ष्यमा यहाँहरूको सदैव साथ र सहयोग रहने विश्वास व्यक्त गर्दछु ।

संगठनले युवा उद्यमशीलतालाई व्यवसायमा रूपान्तरण गर्न स्टार्टअप तथा इनोभेसन कार्यक्रम सञ्चालन गरिरहेको छ। औद्योगिक क्षेत्रको दक्ष जनशक्तिको मागको आवश्यकतालाई परिपूर्ति गर्न कार्यस्थलमा आधारित अप्रेन्टिसिप कार्यक्रमको सञ्चालनलाई निरन्तरता दिएको छ। उधारो कारोबारको व्यवस्थापनका लागि कानुनको निर्माण गर्न सरकारलाई प्रशस्त दबाब दिएको छ। साथै रेलमार्ग अन्तर्गत बथनाहा-विराटनगर खण्डमा जग्गाप्राप्तिको काम सम्पन्न गर्न सरकारसमक्ष प्रभावकारी आग्रह गरिरहेको छ। जग्गाप्राप्तिको विषयलाई यस आर्थिक वर्षको संघीय सरकारको बजेटले सम्बोधन गरेको छ, यसलाई हामीले अत्यन्त सकारात्मक रूपमा लिएका छौँ। यसप्रकार संगठनले प्रारम्भ गरेका कार्यक्रमहरू र उठान गरेका विषयहरू राष्ट्रिय प्राथमिकता प्राप्त विषयहरू हुन् भन्ने मान्यता स्थापित भएको छ। यसबाट हामीलाई आगामी दिनमा थप सशक्त र जागरुकताका साथ कार्य गर्ने प्रेरणा प्राप्त भएको छ।

## माननीय प्रमुख अतिथिज्यू,

कुनै पनि देशका लागि निजी क्षेत्र आर्थिक एवम् औद्योगिक विकासको आधारस्तम्भ हो। मुलुकको आर्थिक समृद्धिमा यस क्षेत्रको योगदानले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। सरकार र निजी क्षेत्रबिचको परस्पर सम्बन्धले मात्र औद्योगिक विकासका साथै लगानीमैत्री वातावरण तयार भई वाह्य लगानी आकर्षित हुने कुरामा दुईमत छैन। तथापि हाम्रो मुलुकमा निजी क्षेत्रलाई केवल नाफामुखी संस्थाका रूपमा चित्रण गरी यस क्षेत्रले समग्र आर्थिक विकासमा पुऱ्याउँदै आएको योगदानलाई नजरअन्दाज गरिँदै आएको छ। यसबाट सरकारले आफू निजी क्षेत्रको अभिभावक हुँ भन्ने कुरालाई आत्मसात् गर्न नसकेको स्पष्ट हुन्छ। औद्योगिक विकासका लागि वाधक बनेका कयौँ विषयहरू बर्सौंदेखि हामीले उठान गर्दै आए पनि यस्ता विषयहरूलाई सम्बोधन गर्न राज्यले तत्परता नदेखाउनु र केवल राजनीतिक विषयहरूले मात्र प्राथमिकता पाउनु दुःखद बिषय हो। तसर्थ कोशी प्रदेश सरकारले यस प्रदेशको समग्र औद्योगिक विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ भन्ने हाम्रो अनुरोध छ। साथै निजी क्षेत्रका समस्यालाई प्रदेश सरकारकै समस्याका रूपमा लिएर समाधान गर्ने कार्यको नेतृत्व पनि प्रदेश सरकारले गर्नुपर्दछ भनी माननीय मुख्यमन्त्रीज्यू समक्ष सादर अनुरोध गर्दछु।

**नीतिगत अस्थिरतालाई सम्बोधन गर्न पहल :** संसारकै औद्योगिक व्यावसायिक क्षेत्रले अनुमानयोग्य नीतिगत व्यवस्थाको अपेक्षा गरेको हुन्छ। नीतिगत स्थिरता नभई नयाँ औद्योगिक लगानी त परको कुरा भएकै औद्योगिक व्यावसायिक क्षेत्र पनि पलायन हुनुपर्ने बाध्यकारी अवस्था सृजना हुन्छ। विगत केही वर्षयता बजेटमार्फत् भइरहेको वित्तीय नीतिको अस्थिर चरित्रका कारण कुनै वर्ष कुनै उद्योग मालामाल र कुनै वर्ष धराशायी हुने अवस्था छ। साथै एकै वर्षका अन्तरालमा अघिल्लो वर्ष नीतिगत प्रोत्साहन गरिएका क्षेत्रमा भएको लगानीलाई निरूत्साहित गर्ने गरी नीतिहरू आउँदा यसबाट औद्योगिक क्षेत्रमा भोलि के हुन्छ भन्ने अनुमान गर्नसक्ने अवस्था छैन।
त्यसैगरी केही वर्षयताको मौद्रिक नीतिसमेत कहिले झ्याप्प कसिलो र कहिले खुकुलो हुँदै आएकाले मुलुकको मौद्रिक चरित्र अनुमानयोग्य भइरहेको छैन। यसप्रकार वित्तीय र मौद्रिक दुबै नीतिमा हुने गरेको अस्थिरताका कारण मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी भित्रने र स्वदेशी लगानी आउने वातावरणमा ठुलो ह्रास आएको छ। साथै भएका लगानीलाई विस्तार गर्ने, अत्याधुनिक बनाउने र निरन्तरता दिने मनोबल पनि टुटेको छ। प्रदेशको समग्र वातावरणलाई समृद्ध बनाउन प्रदेश सरकारका लागि यो अवसर र चुनौती दुबै हो। प्रदेश सरकारले यसमा निर्णायक भूमिका गर्नुपर्छ भन्ने हाम्रो अनुरोध छ।

**उद्योगी-व्यवसायीले सङ्घीय राजधानी धाउनुपर्ने बाध्यता :** मुलुक सङ्घीय व्यवस्थामा गइसकेको छ तर आवश्यक अधिकारहरू अझ पनि पूर्ण रूपमा प्रत्यायोजन भइसकेका छैनन् । त्यसैले उद्योगी/व्यावसायीहरू स-साना कामका लागि सङ्घीय राजधानी धाउनुपर्ने बाध्यता कायम नै छ । यस अवस्थाले एकातिर सङ्घीयताको उपहास गरेको छ भने अर्कातिर उद्योगीको समय र पुँजी अनाहकमा खेर गइरहेको छ । तसर्थ मुख्यमन्त्रीको कार्यालयमा अधिकारसम्पन्न एक छुट्टै युनिट स्थापना गरी उद्योगीव्यवसायीले सङ्घीय राजधानीमा गर्नुपर्ने कार्य उक्त युनिटका माध्यमबाट सम्पन्न हुने व्यवस्था गर्न माननीय मुख्यमन्त्रीज्यूमा अनुरोध गर्दछु ।

**विद्युत्को समस्या समाधानमा पहलकदमी :** औद्योगिक क्षेत्र विगत लामो समयदेखि विद्युत् अभावको समस्याबाट ग्रस्त छ । अनियमित विद्युत् आपूर्तिले उद्योगहरूको मिलमेसिनेरी बिग्रने, श्रमिक व्यवस्थापन गर्न कठिनाइ हुने र कच्चा पदार्थ खेर जाने जस्ता अनेकौं समस्याहरू सृजना भएका छन् । यसबाट उत्पादन लागतमा प्रत्यक्ष असर परेको छ र लागतमा वृद्धि भएको छ । अर्को पीडादायी सत्य के छ भने राज्यले औद्योगिक क्षेत्रमा भएको विद्युत् कटौतीलाई समस्याका रूपमा आजसम्म स्वीकार गरेको छैन । माननीय मुख्यमन्त्रीज्यू, यस समस्याको समाधान गर्न यहाँ मुख्यमन्त्रीज्यू र प्रदेश सरकारले अग्रसरता लिनुपर्दछ भनी सादर अनुरोध गर्दछु । प्रदेशभित्रको विद्युत् आपूर्तिको व्यवस्थापन प्रदेश सरकारका मातहतमा ल्याउनुपर्दछ र प्रदेश सरकारकै तहबाट आपूर्ति व्यवस्था सहज बनाइनु पर्दछ भन्ने हाम्रो धारणा छ । यसका लागि प्रदेश सरकारका तर्फबाट पहल होस् भनी अनुरोध गर्दछु ।

यस क्षेत्रका उद्योगी-व्यवसायीहरूले लामो समय प्रतीक्षा गरेको विराटनगर-बथनाहा कार्गोरेल उद्घाटन भएको १३ महिना बितिसकेको छ । तर आजसम्म विराटनगरको आइसिपीमा कार्गोरेल आउन सकेको छैन । उद्घाटनका दिन आएको कार्गोरेल फेरि फर्केर आएको छैन । आइसिपीको रेल वे स्टेसन, यार्ड लगायतका भौतिक संरचना उचित हेरचाह र संरक्षणका अभावमा प्रतिदिन जीर्ण हुँदैछन् । विराटनगरको आइसिपीसम्म १३ महिनासम्म पनि कार्गोरेल नआउनुको कारणबारे सरकार र सम्बन्धित निकाय आजसम्म गम्भीर देखिँदैनन् । खासमा Handling Charge महँगो भएका कारण आजसम्म विराटनगरको आइसिपीमा कार्गोरेल सञ्चालनमा आउन नसकेको हो । उद्योग संगठनले कार्गोरेलको व्यावसायिक प्रयोजनका लागि Handling Charge खुला बजारको आधारभूत सिद्धान्तबमोजिम निर्धारण गर्न बारम्बार ध्यानाकर्षण गराइसकेको छ । यसका लागि हामीले सम्बन्धित निकायमा पटक-पटक डेलिगेसन गएर स्मरण गराउने र दबाब दिने कार्य गरिरहेका छौं । तर हालसम्म ती निकायबाट खासै अभिरुचि प्रकट भएको अनुभव हामीले गरेका छैनौं । कोशी प्रदेशको औद्योगिक विकासमा कोसेढुङ्गाका रूपमा रहेको यति ठुलो पूर्वाधारको सञ्चालनमा सङ्घीय सरकारबाट चासो र चिन्ता नदेखाइनु दु:खको विषय हो । तसर्थ यस प्रदेशको अभिभावकका रूपमा रहेको कोशी प्रदेश सरकारलाई कार्गोरेलको सञ्चालनका विषयमा सङ्घीय सरकारसमक्ष प्रभावकारी पहल गर्न अनुरोध गर्दछु ।

विराटनगरका निजी क्षेत्रका व्यावसायिक संघसंस्थाले प्रत्येक वर्ष आफ्ना सदस्य उद्योग प्रतिष्ठानको उत्पादनको बजारीकरणमा सघाउ पुऱ्याउन औद्योगिक प्रदर्शनीको आयोजना गर्दै आएका छन् । यद्यपि स्थायी स्थानका अभावमा त्यस्ता प्रदर्शनी निरन्तर आयोजना गर्नु ठुलो चुनौती रहँदै आएको छ । आर्थिक क्षेत्रलाई चलायमान वनाउने औद्योगिक प्रदर्शनीको आयोजनाका लागि स्थायी स्थल निर्माण गर्न उद्योग संगठन मोरङले लामो समयदेखि माग गर्दै आएको हो । तर यसतर्फ हालसम्म ठोस पहल हुन सकेको छैन । त्यसैले प्रदेश सरकारका नेतृत्वमा सम्पूर्ण पूर्वाधार सहितको प्रदर्शनी स्थल निर्माण गर्न मुख्यमन्त्रीज्यूमा अनुरोध गर्दछु ।

संगठनले निर्यातयोग्य उद्योगहरूको प्रवर्धन र विकासका लागि विद्युत्, सडक, पानी, सुरक्षाव्यवस्था लगायतका भौतिक पूर्वाधारहरू सहितको औद्योगिक ग्रामको स्थापना गर्न सङ्घीय सरकारसमक्ष लामो समयदेखि माग गरिरहेको छ । तर कुनै सुनुवाइ छैन । यस्तो संरचनाले कोशी प्रदेशमा औद्योगिक विकासले गति लिने र निर्यात व्यापारसमेत मौलाउने निश्चित छ । तसर्थ औद्योगिक ग्रामको स्थापना गर्न प्रदेश सरकारले सङ्घीय सरकारसमक्ष पहल गरिदिन सादर अनुरोध गर्दछु ।

औद्योगिक उत्पादनको इकोसिस्टमलाई जीवन्त बनाउनु आजको ज्वलन्त आवश्यकता हो । यसका लागि सर्वप्रथम कोशी प्रदेशको मुख्य औद्योगिक आधार के हो भन्ने बुझ्नु जरुरी छ । हाम्रो अध्ययनले यस क्षेत्रमा अझै पनि कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगको बाहुल्य भएको देखाएको छ । तर सबैजसो उद्योगले अधिकांश कच्चा पदार्थ भारत र समुद्रपारका मुलुकबाट पैठारी गर्नुपर्ने बाध्यता छ । जबकि हामी सबै कुरामा आफैं उर्वर छौं । उब्जाउन सक्षम छौं र हामीसित पर्याप्त भूमि पनि छ । तर दुर्भाग्य के भने यहाँ उत्पादन गर्नुभन्दा आयात गर्नु सस्तो परिरहेको छ । मकै, धान, जुट, गहुँ, तरकारी, दालदलहन र गेडागुडी यसका मुख्य उदाहरण हुन् । यिनको अधिक आयातले यस प्रदेशको औद्योगिक इकोसिस्टम बिग्रिएको छ । यसका लागि प्रदेश सरकारले कृषिजन्य उत्पादनमा प्रोत्साहन गरेर उब्जनी वृद्धि गर्न सहयोग गर्नसक्छ र प्रदेशलाई आत्मनिर्भरताको दिशामा डोऱ्याउनसक्छ भन्ने हाम्रो अनुरोध छ । र, यसरी उत्पादन भएका कृषिउपज खरिद गर्न औद्योगिक क्षेत्र तयार भएको पनि सादर जानकारी गराउँदछु ।

संगठनले आजैका मितिबाट केही प्रभावकारी कार्यको आरम्भ गर्दैछ । आजैदेखि हामीले औद्योगिक प्रतिष्ठानहरूको क्षमता अभिवृद्धि गर्न छुट्टै गुणस्तर मापदण्ड प्रणाली सञ्चालनमा ल्याउदैछौं । ऊर्जा-दक्षताको व्यवस्थापन तथा फायर सेफ्टी अडिटको सेवा सुरु गर्दैछौं । संगठनको बिजनेस क्लिनिकलाई डिजिटलाइज गरेर थप प्रभावकारी सेवा विस्तार गर्दैछौं । स्टार्टअप एन्ड इनोभेसन कार्यक्रममा लगानीको आवश्यकतालाई सम्बोधन गर्न विराटनगर एन्जल इन्भेस्टर नेटवर्कको छुट्टै इन्भेस्टमेन्ट कम्पनीको स्थापना गर्दैछौं । र, नवीन तथा व्यावसायिक विकासका सेवाहरूको इकोसिस्टम सुदृढ गर्ने कार्यक्रमहरू आजका मितिबाटै शुभारम्भ गर्दैछौं । सङ्घीय, प्रदेश तथा स्थानीय सरकारका नीति तथा कार्यक्रमहरूमा प्राथमिकता पाएका क्षेत्रहरूलाई सफल बनाउन उपरोक्त तीन वटै सरकारले गर्नुपर्ने कार्यक्रमहरू नै उद्योग संगठन मोरङले गर्दै आएको छ । तसर्थ संगठन यी सबै कार्यक्रमहरूमा प्रदेश सरकारसँग सहकार्य गर्न इच्छुक रहेको व्यहोरा माननीय मुख्यमन्त्रीज्यू समक्ष अनुरोध गर्दछु ।

त्यसैगरी संगठनले विगत ३० वर्षदेखि निरन्तर आयोजना गर्दै आएको विराट एक्स्पो हामी यसपटक आगामी डिसेम्बर २२ देखि ३१ सम्म Digital Koshi Bridging Innovation and Investment को थिममा बृहत्तर कार्यक्रमसहित आयोजना गर्दैछौं । एक्स्पोमा देशविदेश दुबै ठाउँबाट लगानीकर्ता, उद्योगी-व्यवसायी र परामर्शदाताको उल्लेखनीय सहभागिता रहनेछ । साथै कूटनीतिक नियोग र विकास साझेदारहरूको समेत सहभागितामा विभिन्न थिमेटिक सेसन, परिसंवाद र बीटुबी लगायतका कार्यक्रमहरू पनि आयोजना हुनेछन् । यस एक्स्पोलाई प्रदेश सरकारको अपनत्वसहितको सहभागिता चाहिएको छ । साथै प्रदेश सरकारले गर्ने लगानीकर्ता, देश विदेशका उद्योगी व्यवसायीको बृहत जमघट भएको अवसरलाई खेर जान नदिइ प्रदेशमा लगानी भित्राउन बिशेष आकर्षणका प्याकेज सहितका कार्यक्रमहरुको आयोजना गरोस भन्ने हाम्रो चाहना एवं अनुरोध छ । मूख्यमन्त्रीज्यूले पक्कै यो अवसरलाई सदुपयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौ ।

अन्तमा, संगठनको यस ५१औं वार्षिक साधारण सभाको समुद्घाटन कार्यक्रममा पाल्नु भई कार्यक्रमको शोभा बढाइदिनु भएकोमा प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू लगायत सम्पूर्ण आमन्त्रितहरूको पुनः स्वागत गर्दै यस एक वर्षको कार्यकालमा संगठनद्वारा आयोजित कार्यक्रमहरूमा रचनात्मक सहयोग पुऱ्याउनु हुने संगठनका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, पदाधिकारी एवम् कार्यसमितिका सदस्यज्यूहरू, उद्योगी-व्यवसायी साथीहरू, सरकारी कार्यालय, संघ/संस्थाका प्रमुखज्यूहरू, सञ्चारकर्मी मित्रहरू, सचिवालयका कर्मचारीहरू लगायत सबैप्रति धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउँदछु ।

# धन्यवाद

१४ असार २०८१, बिराटनगर

५१ औं
वार्षिक साधारण सभा २०८१ असार १४

# आर्थिक विकासको मुल आधार, सह-अस्तित्व उद्योग र व्यापार



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०-८१ को दश महिनाको तथ्याङ्कमा आधारित

**२.४ प्रतिशतले**
घटेको छ, (आयात)।

**३.६ प्रतिशतले**
घटेको छ, (निर्यात)।

**४.४० प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति।

**रू. ३९२ अर्व ६४ करोड**
वचत, शोधनान्तर स्थिति।

**रू. १४ अर्व ५४ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय।

**७.८ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन।

**४.७ प्रतिशतले**
बढेका छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा।

**१९.२ प्रतिशतले**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ।

श्रोत: नेपाल राष्ट्र बैंक

# Import Based on First Ten Months

(Shrawan-Baishakh) of FY 2080/81 (Mid July 2023 to Mid May 2024)

*(figures are in Rs. Thousands)*

**01** Mineral fuels, mineral oils & products of their distillation
**276078504**

**02** Iron and steel
**105623446**

**03** Boilers, machinery & mechanical appliances
**87013467**

**04** Electrical machinery equipment & parts thereof
**84412514**

**05** Vehicles & parts & accessories thereof
**67025033**


**06** Plastics & articles thereof
**48619566**

**07** Animal or vegetable fats and oils
**40393902**

**08** Cereals
**40073999**

**09** Pharmaceutical products
**34222111**


**10** Natural, cultured pearls precious, semi-precious stones
**30467437**




Source: Govt.Nepal,Department of Customs

# Foreign Trade Direction

Based on First Ten Months(Shrawan-Baishakh) of FY 2080/81
(Mid July 2023 to Mid May 2024)





Source: Govt.Nepal,Department of Customs

# Exports Based on First Ten Months

(Shrawan-Baishakh) of FY 2080/81 (Mid July 2023 to Mid May 2024)

*(figures are in Rs. Thousands)*




- **01** Iron and steel **12656786**
- **02** Coffee, tea, mate & spices **11416333**
- **03** Carpets and other textile floor coverings **9544459**
- **04** Man-made staple fibres **9370264**
- **05** Animal or vegetable fats & oils and their products. **7445106**
- **06** vegetables, fruit, nuts or other parts of plants **7204375**
- **07** Wood & articles of wood; wood charcoal **6796696**
- **08** Apparel and clothing accessories. **6483452**
- **09** Food industries, residues & wastes thereof. **5420236**
- **10** Vegetable textile fibres; paper yarn **4085468**

Source: Govt.Nepal,Department of Customs

# Trade Balance by Partner Countries

Based on First Ten Months(Shrawan-Baishakh) of FY 2080/81
(Mid July 2023 to Mid May 2024)

*(figures are in Rs. Thousands)*





Source: Govt.Nepal,Department of Customs

# Imports and Exports by Customs Offices

Based on First Ten Months(Shrawan-Baishakh) of FY 2080/81
(Mid July 2023 to Mid May 2024)

*(Imports Value and Exports Value are in Rs. Thousands)*





Source: Govt.Nepal,Department of Customs

## आर्थिक एवं औद्योगिक विकासका लागी संगठनले उठान गरेका मुद्दाहरू

### मौद्रिक नीतिमा सुझाव


**तालिका १ : उत्पादनमुलक उद्योगमा चालुपूँजि कर्जा आवश्यकता र होल्ड हुने अवधीको उदाहरण**

| उद्योगको क्षेत्र | कच्चा पदार्थ आयातका लागी ठिआर बुक गरेपछि उद्योगमा आइपुग्ने अवधी | कच्चा पदार्थ भण्डारको अवधी | कच्चा पदार्थबाट तयारी वस्तु उत्पादन गर्ने अवधी | तयारी प्याकेजिङ भण्डारण अवधी | उत्पादित वस्तु बजारमा विक्रि भई उधारो उठ्ने अवधी (सामान्य अवस्थामा) | जम्मा दिन | बार्षिकरुपमा उत्पादन तथा विक्रि चक्र पुरा हुने अवधी प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| प्लाष्टिक तथा प्याकेजिङ उद्योग | ४५ दिन | ३० दिन | १० दिन | १० दिन | ९० दिन | १८५ दिन | ५०.६८ प्रतिशत |
| वायर एण्ड स्टिल उद्योग | ४५ दिन भारतबाट | ३० दिन | १० दिन | १० दिन | ९० दिन | १८५ दिन | ५०.६८ प्रतिशत |
| | ९० दिन तेश्रो मुलुकबाट | ३० दिन | १० दिन | १० दिन | ९० दिन | २३० दिन | ६३.०१ प्रतिशत |
| खाद्यान्य उद्योग | १० दिन (स्थानीय कच्चा पदार्थ) | १०० दिन | ७ दिन | ७ दिन | ६० दिन | १८४ दिन | ५०.४१ प्रतिशत |
| घिउतेल उद्योग | ५० दिन | १५ दिन | १५ दिन | १० दिन | ९० दिन | १८० दिन | ४९.३१ प्रतिशत |
| जुट उद्योग | ३० दिन | ३० दिन | १५ दिन | १५ दिन | ३० दिन | १२० दिन | ३१.५ प्रतिशत |
| जुता चप्पल उद्योग | ४० दिन | ४० दिन | ५ दिन | १५ दिन | ६० दिन | १६० दिन | ४३.८३ प्रतिशत |
| प्लाष्टिक फर्निचर तथा हाउसवेयर उद्योग | ४५ दिन | ३५ दिन | १० दिन | ३० दिन | ९० दिन | ११० दिन | ५७.५३ प्रतिशत |


Flow chart of investment on raw materials in mafucaturing industries - an example
Sales Contract
01.01.2023
2 DAYS
L/C Applied
01.01.2023
3 DAYS
L/C Applied
05.01.2023
20 DAYS
Shipment Starts
25.01.2023
3 DAYS
Original Document
Submit to Exporter Bank
28.01.2023
10 DAYS
Document – Email Reached
to Importer Bank
07.02.2023 (TR Booked)
2 DAYS
Document – Email Reached
to Kolkata Port for Clearance
12.02.2023
20 DAYS
Material reached to
Kolkata Port for clearance
05.03.2023
5 DAYS
Clearance from
Kolkata Port
10.03.2023
10 DAYS
Material reache
to ICP Jogbani
20.03.2023
3 DAYS
Clearance at ICP
& factory Unload
23.03.2023
30 DAYS
Rawmaterial
stuck at godown
23.04.2023
10 DAYS
Materials in
Production Process
02.05.2023
7 DAYS
Packaging &
Storage of Final Goods
11.05.2023
90 DAYS
Sales & Payment Received
10.08.2023


# विगत ५० बर्षको पुँजीगत खर्च र चालु खर्च विनियोजनको तुलना

वार्षिक बजेट





Source: data.mof.gov.np & www.nrb.org.np

## फिडर अनुसार ट्रिपिङको अवस्था : जम्मा पटक र घण्टा
२०८० सावन १ देखि ३२ गते सम्मको




## फिडर अनुसार ट्रिपिङको अवस्था : जम्मा पटक र घण्टा
२०८१ जेष्ठ १ देखि ३२ गते सम्मको




Source: data received from CIM member industries

# Cost Comparison Chart NCY / ICY Railay Yard

| Name of Product | Location | Unloading & Loading | Transportation to Factory | Parking Charge @ INDIA ICP | Total INP/MT | Total NRS/MT | Difference NPR/MT |
|---|---|---|---|---|---|---|---|
| Sponge Iron | Jogbani/ ICY | 415 INR/MT | | 20 INR/MT | 435 | 696 | -64 |
| | BRT/NCY | 399.50 NPR/MT | 360 NPR/MT | 00 | 475 | 760 | +64 |
| MS Wire Rod | Jogbani/ ICY | 275 INR/MT | | 20 INR/MT | 295 | 472 | -168 |
| | BRT/NCY | 399.50 NPR/MT | 240 NPR/MT | 00 | 400 | 460 | +168 |
| HR Coils | Jogbani/ ICY | 260 INR/MT | | 20 INR/MT | 280 | 448 | -172 |
| | BRT/NCY | 399.50 NPR/MT | 220 NPR/MT | 00 | 387.5 | 620 | +172 |
| Average access Charge in NCY /MT NPR | | | | | | | 140 |
| Current Import average 20 Rag or 32000 MT./Per Month and Access charge in NCY NPR | | | | | | | 44,80,000 |


## सडक मार्गबाट

- विराटनगर भन्सारमा दैनिक सरदर ३०० ट्रक मालवस्तु आयात ।
- भारतबाट ८० प्रतिशत अर्थात् २४० ट्रक आयात ।
- तेस्रो मुलुकबाट २० प्रतिशत अर्थात् ६० ट्रक आयात ।
- कोलकातादेखि बिराटनगरसम्मको ढुवानी भाडा प्रति किलो भारु ३/-
- प्रति ट्रक (१५ टन)को आधार मान्दा भारु ४५,०००/-
- दैनिक २४० ट्रकका आधारमा ढुवानी भाडा भारु १०८,००,०००/-

## कार्गो रेलबाट

- तेस्रो मुलुकबाट आउने सबै र भारतबाट आउने ६० प्रतिशत अर्थात् सरदर २४० ट्रक वस्तु आयात हुने ।
- कोलकाता विराटनगर प्रति केजी भारु १.९५ मा ढुवानी गर्न सकिने ।
- प्रति ट्रक (१५ टन) आधार मान्दा भारु २९,२५०/-
- दैनिक २४० ट्रकका आधारमा ढुवानी भाडा भारु ७०२,००,००/-
- दैनिक ढुवानी भाडा वचत भा.रु.३७,८०,०००/-


TREATY OF TRANSIT
BETWEEN
THE GOVERNMENT OF INDIA
AND
THE GOVERNMENT OF NEPAL





# उधारोको समस्या र उधारो रहेको अनुमानित रकम

१. बजारबाट पैसा उठाउन समस्या भएको छ ।
२. बजारबाट पैसा नउठेकाले समग्र व्यवसायीक प्रणालीमा नै संकुचन आएको छ ।
३. विश्वासको कारोवार गर्न नसकिने अवस्था सिर्जना भएको छ ।
४. लगानीमा जोखिम वढन गई सर्वस्व गुमाउनु पर्ने अवस्था सिर्जना भई व्यवसायी जगतमा चरम निराशा छाएको छ ।

पहिलो आठ महिनामा नीजि क्षेत्रमा प्रवाह भएको कर्जा (रु मिलियनमा)

| Loan type | 2023 | 2024 | Changes in % |
|---|---|---|---|
| Cash Credit Loan | 517862.7 | 643721.1 | 24.6 |
| Trust Receipt Loan / Import Loan | 80825.4 | 82073.7 | 11.5 |
| Demand & Other Working Capital Loan | 1033752.7 | 788283.0 | -10.4 |
| ------- | 1632441 | 15140778 | 8.56 |

Sources : Nepal Rastra Bank, (Based on Eight months Data Ending Mid-March, 2023/24)

उद्योगको उत्पादन चक्र २- ३ महिनालाई आधार मान्दा र केहि प्रतिनिधिमुलक उद्योगहरुको भनाई अनुसार लगभग ४० देखि ५० प्रतिशतसम्म अर्थात झण्डै ६ देखि ७ खर्ब रुपैयासम्म बजारमा उदारो रहेको छ ।

# उधारो कारोबारलाई नियमनका लागी गर्नुपर्ने सुधार

१. उधारो कारोवारको समुचित नियमन एवं व्यवस्थापनका लागि यशाशिघ्र नीतिगत हस्तक्षेप गरि लगानी तथा व्यवसायलाई सुरक्षित गर्न स्पष्ट कानुनको व्यवस्था गर्नुपर्छ
२. यसको ज्वलन्त दृष्टान्त भारत सरकारले हालै उद्यारो  कारोवारलाई नियमन गर्न कानुन ल्याए जस्तै कानुन निर्माण गर्नुपर्दछ ।

**उदाहरणका लागि**

३. क्रेताले विक्रेतालाई तिरेको भ्याट क्रेडिट रकम मिलान गरे पश्चात पनि विक्रेताले उधारो नतिरेको अवस्थालाई मध्यनजर गर्दै कुनै क्रेताले विक्रेतासंग खरिद गरेको सामानको भुक्तानीका लागि छुट्टै सम्झौता गरेको छ भने सो सम्झौताको समयावधि ४५ दिन भन्दा नवढने गरी मात्र सम्झौता गर्न सक्ने व्यवस्था ।
४. कुनै क्रेताले विक्रेतासंग समान खरिद गर्दा भुक्तानीको समय उल्लेख भएको छैन भने सामान प्राप्त गरेको मितिले १५ दिन भित्र भुक्तानी गर्नुपर्ने व्यवस्था ।
५. सम्झौता अनुसार कुनै क्रेताले ४५ दिन भित्र विक्रेतालाई भुक्तानी गरेन भने वैंकले तोकेको ब्याजको ३ गुणा वढी चक्रवृति ब्याज क्रेताले दिनुपर्ने प्रावधान ।
६. ४५ दिन भित्र मुक्तानी नभएको उधारो बाकी रकमलाई आयकर विभागले क्रेताको आय मानी आयकर असुल गर्ने प्रावधान समेटि उधारो कारोबारलाई नियमन एवं व्यवस्थापनका लागि आगामी वजेट मार्फत सम्वोधन हुनेगरि कानुन निर्माण गर्नुपर्दछ ।

# उधारो कारोवार व्यवस्थापनका लागि जिल्ला / नगर उद्योग वाणिज्य संघहरुका साथ भएको साझा सहमती

## "उधारो समय मै तिरौ, व्यापारिक सद्भाव कायम राखौं"

भन्ने मूल ध्येयका साथ उधारो कारोबार व्यवस्थापनका लागी आपसी सहकार्य तथा समन्वय गर्ने सम्बन्धमा
जिल्ला/नगर उद्योग वाणिज्य संघहरुको सामूहिक पहल

व्यवसायीक क्षेत्रले आपसी विश्वासका आधारमा उधारो कारोबार गरि व्यापार व्यवसाय सञ्चालन गर्दै आएको भएतापनि विगत केही समयदेखि आर्थिक क्षेत्रमा छाएको सुस्तताले उधारो कारोबार व्यवसायीक क्षेत्रका लागि चुनौति र समस्याका रुपमा रहेको स्विकार गर्दै,

व्यवसाय व्यवसाय विच व्यवसायीक सम्बन्धका आधारमा हुने उधारो कारोबारलाई नियमन गर्ने नेपाल सरकारको हालसम्म कुनै स्पष्ट कानुन नभएकोले यस परिप्रेक्ष्यमा व्यवसायीक हक, हितका लागि स्थापित जिल्ला/नगर उद्योग वाणिज्य संघहरु बीच रहेको साझा समस्यालाई समाधान गर्ने कानुनी व्यवस्थाका लागी सामूहिक पहल गर्नुपर्ने आवश्यकता बोध गर्दै,

र

जिल्ला नगर उद्योग वाणिज्य संघहरुको भावनालाई आत्मसात गर्दै उद्योग संगठन मोरङको पहलमा आपसी समन्वय एव समझदारीमा आगामी दिनमा उधारो कारोबारको व्यवस्थापनका लागी एकआपसमा सहकार्य गर्ने सान्दर्भिक एवं जरुरी रहेको आत्मसात गर्दै

हामी जिल्ला नगर उद्योग वाणिज्य संघहरु सहमत भई
यो सामूहिक पहलमा हस्ताक्षर गर्दछौ ।

**घोषणा पत्रका विषयहरु**

१. व्यवसायमा उधारो कारोबारको ठूलो हिस्सा रहदै आएतापनि यसको नियमन तथा व्यवस्थापनका लागी हालसम्म कुनै स्पष्ट कानुन नभएको वर्तमान अवस्थाले राज्यले व्यवसाय व्यवसाय विचको व्यवसायीक सम्बन्धलाई आत्मसात गर्न नसकेको र यसबाट व्यवसायीक जगत उधारो कारोबारले थप समस्याग्रस्त र विकृत हुँदै गएकोले यसको नियमनका लागि स्पष्ट कानुनी व्यवस्था गर्न नेपाल सरकार समक्ष सामूहिक पहल गर्नेछौ । उदाहरणका लागि : राजस्व सम्बन्धी विवादको समाधानका लागि राजस्व न्यायाधिकरण, बैंकहरुको ऋण असुलीका लागि ऋण असुली न्यायाधिकरण जस्ता निकायहरु रहेको जस्तै उधारो उठाउने सम्बन्धमा यस्तै न्यायीक निकाय गठनका लागि सरकार समक्ष माग गर्दछौ ।

२. उधारो कारोबारबाट प्रताडित हाम्रा सदस्य एवं क्षेत्रका औद्योगिक एव व्यापारिक प्रतिष्ठानहरुको उधारो उठाउने सवालमा सम्बन्धीत जिल्ला/नगर उद्योग वाणिज्य संघले सम्बन्धीत फर्म वा कम्पनी वा उद्योगलाई उधारो रकम यथाशिघ्र फरक फारक पार्न हरसम्भव पहल र प्रयत्न गर्नेछ।

३. सम्बन्धीत उद्योग वाणिज्य संघले आफ्नो सम्बन्धीत सदस्य वा क्षेत्रका उद्योग वा व्यापारिक पक्षलाई उधारो कारोबार व्यवस्थित गर्न पत्राचार लगायतका नैतिक एवं सामाजिक दवाव सृजना हुने गरि आवश्यक कार्यहरु गर्नेछ।

४. उधारो कारोबारको समस्या सबै क्षेत्रमा रहेको र यसको समाधानका लागी सबै उद्योग वाणिज्य संघहरुको उत्तिकै भूमिका हुने हुँदा आगामी दिनमा मुलुकका अन्य जिल्ला नगर उद्योग वाणिज्य संघहरुलाई क्रमश: यो पहलमा समावेश गर्दै लैजाने छौ ।

५. व्यवसायीक हक, हितको समान उद्देश्य राखी स्थापित उद्योग वाणिज्य संघहरुले उद्योग/व्यवसाय लगायत व्यवसायीक क्षेत्रको प्रवर्द्धन र वृहत्तर हितका मुद्दामा साझा धारणा बनाई आगामी दिनमा सामुहिक रुपमा कार्यगर्दै जानेछौं ।

६. उद्योग वाणिज्य संघहरुको संस्थागत विकास र सुदृढिकरणका लागि आपसी अन्तर सम्बन्धलाई आगामी दिनमा थप घनिभूत बनाउदै लैजाने छौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| श्री [illegible]<br>अध्यक्ष<br>उद्योग संगठन मोरङ | श्री नविन रिजाल<br>अध्यक्ष<br>मोरङ व्यापार संघ | श्री [illegible]<br>अध्यक्ष<br>सुनसरी उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>झापा उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग संघ |
| श्री [illegible]<br>अध्यक्ष<br>[illegible] व्यापार संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ |
| श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | श्री [illegible]<br>अध्यक्ष<br>[illegible] उद्योग वाणिज्य संघ | |

२०८० माघ ०६ गते


# नीजि क्षेत्रलाई थुन्ने कानून





- उपभोक्ता संरक्षण ऐन २०७५
  ३ महिनादेखि ५ वर्षसम्म कैद
  दफा ३३ र दफा ४०
- खाद्य ऐन २०२३
  ५ वर्षसम्म कैद
  दफा ५
- भन्सार ऐन २०६४
  १ महिनादेखि ५ वर्षसम्म कैद
  दफा ४० र दफा ५७
- स्टाण्डर्ड नाप र तौल २०२५
  (पाचौं संशोधन ऐन) २०७९
  ३ वर्षसम्म कैद
  दफा १९
- मूल्य अभिवृद्धि कर ऐन २०५२
  ६ महिनासम्म कैद
  दफा २९
- राजस्व चुहावट
  (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२
  १ महिनादेखि १० वर्षसम्म
  दफा २३


- अन्त:शुल्क ऐन २०५८
  १ वर्षसम्म कैद
  दफा १२ र दफा १६
- बैंकिङ कसुर तथा सजाय ऐन २०६४
  ३ महिनादेखि ९ वर्षसम्म कैद
  दफा १५
- श्रम ऐन २०७४
  २ वर्षसम्म कैद
  दफा १६४
- नेपाल गुणस्तर
  (प्रमाण चिह्न) ऐन २०३७
  ६ महिनादेखि १ बर्षसम्म कैद
  दफा १३
- आयकर ऐन २०५८
  १ महिनादेखि २ वर्षसम्म
  दफा १२३, दफा १२४, दफा १२५
- मुलुकी अपराधसंहिता २०७४
  १ देखि १० वर्षसम्म कैद
  दफा १०७, १०८, १०९, ११०, १११, दफा १६१, दफा २५२, दफा २४९, दफा २५०
- कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२
  १ देखि ५ वर्षसम्म कैद
  दफा २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३

# तथ्यांक संकलन तथा प्रस्तुति






स्रोतः कान्तिपुर दैनिक, ११ भदौ २०८०

# मासिक न्यूजलेटर प्रकाशन



क) नेपाल सरकार, अर्थ मन्त्रालयबाट आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटमा आर्थिक सुधार, निजी क्षेत्रको प्रवर्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहजस्ता विषयलाई प्राथमिकताका क्षेत्रमा समावेश गर्नु र आगामी आर्थिक वर्षलाई आर्थिक सुधार वर्षका रूपमा गरिएको घोषणा सकारात्मक छ। यद्यपि यसका लागि सरकारले निर्धारण गर्ने कार्ययोजना, उत्तरदायित्व, जिम्मेवारी र कार्यान्वयनमा अपनाउने तत्परतालाई नहेरी उत्साहित हुने अवस्था छैन।

ख) कृषिको व्यावसायिक विकासलाई विस्तार गर्न सरकारले २०८१ देखि ९१ लाई कृषिमा लगानी-दशक घोषणा गरी सामूहिक खेती प्रवर्धन गर्न सरकारी जग्गा लिजमा उपलब्ध गराउने, सरकार, किसान, व्यवसायी सहभागी हुने गरी करार खेती प्रवर्धन गर्ने, १० बिघाभन्दा बढी जमिनमा व्यावसायिक खेती गर्ने फर्मलाई ब्याजमा अनुदान दिने, प्रविधिको सहयोग र मेसिनरीको आयातमा कर छुटका साथै कृषि उपजको धितोमा सहज कर्जा प्रवाह हुने व्यवस्था सकारात्मक छन्। तर घोषित कार्यक्रममा प्रत्यक्ष सम्बन्ध राख्ने कृषकले यसबाट लिनसक्ने लाभले नै आगामी दिनमा यसको उपयोगिता निर्धारण गर्नेछ।

ग) नयाँ चरणको आर्थिक सुधारका कार्यक्रम अघि बढाउन एक उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने, आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने, उत्पादनलाई रोजगारीसँग आबद्ध गराउन उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने, निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशलाई विशिष्टीकृत गर्न आर्थिक केन्द्रको रूपमा विकास गर्ने कार्यक्रम अनुरूप कोशी प्रदेशलाई उद्योगको हबका रूपमा प्रवर्धन गर्ने, प्रत्येक प्रदेशमा बिजनेस इन्क्युबेसन सेन्टर सञ्चालन गर्ने अनि अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा गरिएका प्रतिबद्धता एवम् सम्झौताबमोजिम व्यापार सहजीकरण गर्न नयाँ भन्सार ऐन तर्जुमा गर्ने जस्ता विषय बजेटका माध्यमबाट सम्बोधन गरिनु स्वागतयोग्य छ।

घ) उद्योग संगठन मोरङले विगत केही वर्षदेखि सञ्चालन गर्दै आएको स्टार्टअप तथा इनोभेसन कार्यक्रम, औद्योगिक क्षेत्रको दक्ष जनशक्तिको मागको आवश्यकतालाई परिपूर्ति गर्न कार्यस्थलमा आधारित अप्रेन्टिसिप कार्यक्रम सञ्चालन गर्ने, करियर काउन्सिलिङ कार्यक्रम गर्ने, इन्डस्ट्री एकेडेमिया इन्टरफेस कार्यक्रमहरू सञ्चालन गर्ने, स्वदेशी उत्पादनको प्रवर्धन गर्न विद्यालयमा सञ्चालन हुँदै आएको खाजा कार्यक्रममा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था, लगायतका कार्यक्रम यस वर्षको बजेटले तर्जुमा गरेको छ। यी सबै बजेटका सकारात्मक आयामहरू हुन्। यसबाट संगठनले सुरुवात गरेका कार्यक्रमहरू राष्ट्रिय प्राथमिकता प्राप्त विषयहरू हुन् भन्ने मान्यता स्थापित भएको छ।

ङ) उद्यमीलाई सहजीकरण र नियमन गर्न स्टार्टअप बोर्ड गठन र वित्तीय आवश्यकताको सम्बोधन गर्न १ अर्बको नेपाल स्टार्टअप कोष खडा गर्ने, उधारो व्यवस्थापनका लागि कानुन निर्माण गर्ने, रेलमार्ग अन्तर्गत बथनाहा-विराटनगर खण्डमा जग्गा प्राप्तिको काम सम्पन्न गर्ने जस्ता विषयलाई संगठनले प्राथमिकताका साथ उठाउँदै आएको थियो। यी विषय बजेटका माध्यमबाट सम्बोधन गरिएको छ। यो स्वागतयोग्य छ।

च) प्रक्रियागत जटिलताको सरलीकरणअन्तर्गत संगठनले लगातार उठाउँदै आएको उद्योगको कच्चा पदार्थको पैठारीका लागी उद्योग विभागको सिफारिस आवश्यक पर्ने व्यवस्थालाई खारेज गर्ने व्यवस्था, भन्सार जाँचपास भएका मितिले ४ वर्षसम्म पुनः परीक्षण गर्न मिल्ने प्रावधानलाई २ वर्षसम्म मात्रै कायम गर्नु सकारात्मक कदमका रूपमा संगठनले लिएको छ।

## चिन्ता गर्नुपर्ने विषयहरू

क) नीतिगत अस्थिरता : दुई वर्ष अघि बिलेट आयातमा नियन्त्रण गर्दै बिलेट नै स्वदेशमा उत्पादन गर्न आवश्यक कच्चा पदार्थ स्पन्ज आइरनको आयातमा सहुलियत दिने नीति लिएपछि धेरै बिलेट उद्योगहरू एकाएक मेल्टिङ युनिट स्थापना गर्न बाध्य भए। ठुलो मात्रमा लगानी भयो। स्पन्ज आइरन उद्योगको कच्चा पदार्थको आयातमा दिइएको छुटका आधारमा धेरै उद्योगीले अर्बौं रुपैयाँ लगानी गरी प्लान्ट विस्तार गरेका हुन्। तर यस पटकको बजेटबाट बिलेटको आयातमा लाग्ने अन्तःशुल्क हटाइएको छ र स्पन्ज आइरनमा महसुल वृद्धि गरिएको छ। यसले गर्दा स्पन्ज उद्योगमा भएको लगानी धरापमा परेको छ। यो सरकारको कस्तो नीति हो? एउटै राजनीतिक दलको नेताले नेतृत्व गरेको सरकारले २ वर्षमा यति अस्थिर नीति कसरी लिन सक्छ? यसका सैद्धान्तिक आधार के हुन्? यसरी कति वेला खुकुलो बनाउने कति वेला झ्याप्प कस्ने नीतिले औद्योगिक क्षेत्र धराशायी बनाउने छ र याराना पुँजीवादले प्रश्रय पाउने छ। तसर्थ आर्थिक एवम् औद्योगिक विकासका लागि संगठनले निरन्तर उठाउँदै आएको अनुमानयोग्य नीतिगत व्यवस्थाको प्रत्याभूत गरी बजेटको यो निर्णय फिर्ता लिई आइरन उद्योगको ठुलो लगानीलाई बचाउनु आजको मुख्य आवश्यकता हो।

ख) यस वर्षको बजेटबाट सरकारले दाल, दलहन लगायतका वस्तुको आयातमा अग्रिम आयकरबापत बिल मूल्यको १० प्रतिशत रकम भन्सार विन्दुमा बुझाउनु पर्ने व्यवस्था गरेको छ। वर्तमान अवस्थामा दाल, दलहन उत्पादन गर्ने स्वदेशी उद्योगका लागि आवश्यक कच्चा पदार्थमा देश आत्मनिर्भर भइसकेको छैन । साथै यस्तो कच्चा पदार्थ तत्काल स्वदेशमै उत्पादन हुनसक्ने आधार पनि स्पष्ट छैन । त्यसैले यो अग्रिम आयकरबाट कच्चा पदार्थको आयात हुनसक्ने अवस्था छैन । अब उद्योगहरू बन्द हुने र चोरी पैठारी बढ्ने निश्चित छ। यसबाट सरकारले राजस्व गुमाउने अनि स्वदेशी उद्योग धराशायी हुने अवस्थाको सृजना भएको छ । त्यसैले दालदलहनको आयातमा लगाइएको १० प्रतिशत अग्रिम आयकरको कार्यान्वयन नगर्न अनुरोध गर्दछौं । साथै, यसका कच्चा पदार्थ स्वदेशमा नै उत्पादन गर्ने वातावरण तयार गरी क्रमशः स्वदेशी कच्चा पदार्थले विस्थापन गर्ने नीति अवलम्बन गर्न पनि अपिल गर्दछौ ।

ग) सरकारले कुल बजेटको ६१.३१ प्रतिशत रकम चालु खर्च र कुल बजेटको १८.९४ प्रतिशत पुंजीगत खर्च विनियोजन गरेको छ। खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड सङ्कलन गर्ने लक्ष्य छ, यो अत्यन्त महत्वकांक्षी छ। चालु खर्च र सावाँ ब्याज भुक्तानीका लागि आन्तरिक ऋण उठाउनु पर्ने अवस्थाले वित्तीय क्षेत्रको दयनीय अवस्थालाई चित्रण गरेको छ। चालु खर्चमा वृद्धि र पुँजीगत खर्चमा भएको कटौतीले आन्तरिक खपतमा कमी आउने छ। औद्योगिक-व्यावसायिक क्षेत्रको मन्दी अझ बढ्ने छ। राष्ट्रिय अर्थतन्त्रका लागि यो चिन्ताको विषय हो ।

घ) औद्योगिक-व्यावसायिक क्षेत्रले आयात गर्ने सामग्रीहरू ढुवानी गर्ने यातायातका साधनहरू भन्सारमा क्लियर भइसकेपछि ७२ घण्टा सम्मका लागि निःशुल्क रहेकोमा हाल रु. १५०० शुल्क उठाउने व्यवस्था बजेटमा गरिएको छ। औद्योगिक क्षेत्रलाई प्रतिस्पर्धी बनाउन लजिस्टिक खर्चहरू कम गर्न सरकारले सघाउनु पर्नेमा उल्टै भेट्नेबित्तिकै जहाँ पायो त्यहीँ कर लगाइहाल्ने नीतिले औद्योगिक क्षेत्र उत्साहित हुँदैन । सानोजस्तो देखिने भए पनि सरकार कहाँसम्म आउनसक्छ भन्ने यो एक उदाहण हो । तसर्थ निजी क्षेत्रका लागि यो चिन्ताको बिषय बनेको छ लागि ।

## अप्पत्यारिला केही विषयहरू

क) स्वदेशी उद्योगहरूले दैनिक १० देखि १५ घण्टासम्मको लोडसेडिङ र दर्जनौं पटक ट्रिपिङ लगायतका समस्या ब्यहोरिरहेका छन् । तर पनि सरकार र प्राधिकरणले औद्योगिक क्षेत्रमा भएको विद्युत् आपूर्तिमा भएको चरम लापरबाही र गैरजिम्मेवारीलाई समस्याका रूपमा नलिएको र नजरअन्दाज गरेको अवस्था छ। स्वदेशी उद्योगलाई नै विद्युत् अपुग भएको अवस्थामा भारत र बङ्गलादेशमा विद्युत् बेचेर आम्दानी गर्ने सरकारको योजना अपत्यारिलो छ।

ख) गत वर्ष नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गरेको विराटनगर-बथनाहा कार्गोरेल हालसम्म सञ्चालनमा आएको छैन। नेपालको कार्गो हेन्डलिङ शुल्क नेपाल सरकारले निर्धारण गरेको छ भने भारतले शुल्क निर्धारणलाई स्वतन्त्र रूपमा छाडेको छ। यसका कारण नेपालको भन्दा भारतको कार्गो हेन्डलिङ शुल्क सस्तो भएकाले उद्योगीहरू भारततर्फको यार्ड नै प्रयोग गरिरहेका छन्। हेन्डलिङ शुल्कमा भएको फरकले अर्बौं लगानी भएको रेल्वे यार्ड सञ्चालनमा आउन सकेको छैन । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको इन्डरमोडल यातायात विकास समितिले निर्धारण गरेको मूल्यलाई समायोजन गरेर यसलाई प्रतिस्पर्धी बनाएर रेल्वे कार्गो सञ्चालन गर्नसक्ने हैसियतमा नभएको सरकारले आर्थिक विकासका ठुलाठुला परियोजना सञ्चालनमा ल्याउने विषय अपत्यारिला छन् ।

ग) विगतका अनुभवलाई नियाल्ने हो भने नीति तथा कार्यक्रम जतिसुकै राम्रा भए पनि कार्यान्वयन पक्ष सधैँ फितलो देखिँदै आएको छ । उद्योग व्यवसाय, राजस्व, रोजगारी आदिका क्षेत्रमा छाएको सुस्ततालाई अध्ययन गरेर सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएका नीतिहरू तत्काल कार्यान्वयनमा ल्याउन सोही अनुरूपको कार्ययोजना बनाउनु पर्छ। अनि जिम्मेबार र जवाफदेही भएर तदारुकताका साथ कार्यसम्पादन गर्नुपर्दछ।



संगठनको प्रतिनिधि-मण्डल र अर्थमन्त्री बिच छलफल



मौद्रिक नीतिका सम्वन्धमा गर्भनरका साथ छलफल



विद्युत समस्याका सम्वन्धमा प्राधिकरणका कार्यकारी निर्देशकका साथ छलफल




रा.स्व.पा. का सभापतिका साथ छलफल



सुन्ने कि थुन्ने शीर्षकमा संगठनद्वारा आयोजित विचारोत्तेजक बहस




## व्यवसायजन्य स्वास्थ्य सुरक्षाको सर्वेक्षण प्रतिवेदनमा छलफल

## आर्थिक परिचर्चा विषयक कार्यक्रम आयोजना





## स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमअन्तर्गत तेस्रो ब्याच शुभारम्भ

## चोरी पैठारी नियन्त्रण तथा राजस्वचुहावट विषयमा छलफल






## व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी तालिम



## उद्योग-प्रतिष्ठानका प्राविधिकको उर्जा दक्षता अभिवृद्धि तालिम

## वर्तमान आर्थिक परिदृश्य : चरम निराशा कि नयाँ सम्भावनाको टर्निङ पोइन्ट ?

अर्थसंवाद कार्यक्रम सम्पन्न



## उद्योगी व्यवसायी र नेपाल बीमा प्राधिकरणका अध्यक्ष एवं प्रतिनिधि बीच अन्तरक्रिया





## उद्योग संगठन मोरङ स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम



बी टु बी बैठक तथा उद्योग वाणिज्य क्षेत्रका समसामयिक बिषयमा अन्तरक्रिया



दिगो र आत्मनिर्भर आर्थिक विकासको सम्भावना विषयमा व्याख्यात्मक कार्यक्रम



सौर्य ऊर्जा जडानका विविध पक्षमा उद्योगीहरूका साथ अन्तरक्रिया



स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम अन्तर्गत तेस्रो चरणको आइडिया प्रस्तुति



उद्योग संगठन मोरङको ५६औं स्थापना दिवसमा रक्तदान



व्यवसाय निरन्तरता व्यवस्थापन सम्वन्धी अभिमुखिकरण तथा अन्तरक्रिया

पाठेघरमा हुने क्यान्सर सम्वन्धी सचेतनामूलक कार्यक्रम







उद्योग संगठन मोरङ र बंगालादेशका राजदुत बिच छलफल

राजस्व चुहावट तथा नियन्त्रणसम्बन्धी अन्तरक्रिया





उद्योग संगठन मोरङ र इन्स्योर परियोजना वीच सम्झौता



सामाजिक सुरक्षा कोषको कार्यान्वयन तहमा देखिएका समस्यामा अन्तरक्रिया



नेपाल उद्योगवाणिज्य महासंघको ५८औं वार्षिक साधारणसभा एवम् उद्योगवाणिज्य दिवस-२०८० का अवसरमा उद्योग संगठन मोरङ "क" वर्गबाट उत्कृष्ट उद्योग वाणिज्य संघको सम्मानबाट पुरस्कृत



सिप स्तरोन्नति तालिम अन्तर्गत जुट विभर र स्पिनरको तालिम



उद्योग संगठन मोरङमा श्रम दिवसका अवसरमा श्रमिक सम्मान कार्यक्रम

## उद्योग संगठन मोरङद्वारा उर्जा दक्षता सम्वन्धी प्रतिष्ठानका प्राविधिकहरुलाई तालिम



## उद्योग संगठन मोरङ आयोजनामा २०८१ वैशाख २८ र २९ गते, दुई दिने **CIM Nepal Human Resource Summit** सम्पन्न भएको छ ।

















## वहस पैरबी तथा उद्योग व्यसायका समस्या प्रस्तुत











# मिडिया कभरेज

कान्तिपुर

आगामी बजेटबारे उद्योग संगठनका दर्जन सुझाव

सृष्टि दैनिक

उर्जा के भरमा नियन्त्रणमा लिन् निर्देशन

उद्घोष

उद्योगी–व्यवसायी र बीमा प्राधिकरणका प्रतिनिधिबीच अन्तरक्रिया

हाम्रोमत

उद्योगी व्यवसायीले माग उठाए उठाउने छुट्टै कानुन

ऊर्जा खबर

प्राधिकरणको नेतृत्वले आफू उदांगो हुनु अगाडि नै सोच्ने कि !

bizmandu

गभर्नर निलम्बनमा परेपछि उद्योग संगठनको विज्ञप्तिः समन्वय अभावले अर्थतन्त्र संकटतिर

खबर पल पल

बलासका विरुद्ध भड्काहेको अनर्गल प्रचारका विरुद्ध उद्योग संगठनको ध्यानाकर्षण

CORPORATE NEPAL

निजी क्षेत्रको प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्न उद्योग संगठन मोरङको सुझाव

CLICKMANDU

विराटनगरले यसरी जन्माउँदै छ स्टार्टअपहरु, नौलो आइडिया भएका युवामा उत्साह

nepal views

अर्थतन्त्र संकटग्रस्त भयो, सरकार र निजी क्षेत्रबीच समन्वय चाहियोः उद्योग संगठन मोरङ

आवर विराटनगर OB

जिल्ला\नगर उद्योग वाणिज्य संघमध्ये उद्योग संगठन मोरङ उत्कृष्ट

आर्थिक पाटी

उद्योग संगठन मोरङद्धारा उर्जा दक्षता सम्वन्धी प्रतिष्ठानका प्राविधिकहरुलाई तालिम

आर्थिक पाटी संवाददाता

BIZNESS news

आएन कार्गो रेल, किन भयो जालझेल?

BFIS NEWS

उद्योग संगठन मोरङ आयोजनामा दुई दिने मानव संशाधन सम्मेलन प्रारम्भ

# OUR VISION & STRATEGIC GOALS

To contribute to develop prosperous Nepal through the promotion & development of economic and industrial sector.

| Strategic Goal 1 | Strategic Goal 2 | Strategic Goal 3 | Strategic Goal 4 |
|---|---|---|---|
| Policy Advocacy & Lobbying | Member Support Service & Capacity Enhancement | Networking & Relationship Development | Corporate Social Responsibility |

# OUR MAJOR PROJECTS

## Mero Desh Merai Utpadan

a campaign initiated for the Promotion of Domestic Products

### Objectives

- Promotion & Market Expansion of Domestic Products
- Establishment of Common Brand
- Encourage to maintain Quality & Standards
- Mainstreaming the products of MSMEs, women and entrepreneurs from marginalized segment.



## CIM Business Clinic

### Objectives

Facilitate industries for the smooth operation and productivity enhancement through the troubleshooting as well as scale-up support with the provision of accessible network of business development services.






## Economic Summit: Pathway to Prosperity Koshi Province

It was one of the successful events that was organized in collaboration with Baarhakhari Media Group in 25 & 25 February, 2021.

### Objectives

The mission of the summit was to bring political leaders, bureaucrats, corporate sector and civil society (media) in a forum to discuss pertinent issues that are holding economic development of Province One, and workout on issues needed to be addressed to achieve the goal.




## CIM Skill Development Program

To bridge the gap between labour market demand and supply.

### Objectives

- Establish a sustainable mechanism to fulfil the demand of skill human resources through the lead and effective role of Private Sector in TVET Cycle.
- Bridge the gap between labour market demand and supply.
- Customize training packages on Business Plan, Marketing, Total Quality Management, Human Resources Management and as per demand.





## BIRAT EXPO

It is one of the signature events of Chamber of Industries Morang (CIM). It is a popular & mega event organized in every 2 years interval since 30 years in Biratnagar with an objective to foster market linkages between sectors.

### Objectives

- Support to develop agro-industrial linkages
- Promotion of different Nepali brands & services
- Create common plate to share ideas, exchanges experiences and disseminate information about the New Technology and Products
- Promote Tourism sector




## CIM Startup and Innovation Program

It is a newly conceptualized program of CIM which aims to support services to transfer new business ideas into sustainable startup enterprises.








## Late Mahendra Golchha Industrial Research Center

### Objectives

- Encourage university graduates to do research on economic issues.
- Motivate faculty member of University to undertake short-term policy research.
- Conduct academic discourse on economic flavor



## American Space Library, Biratnagar

### Objectives

The Objectives of the American Corners are to provide library facilities and free information to the students, Professionals and the general public about the United States through books, magazines, CD-ROMs, and complimentary access to the Internet.

# हार्दिक आभार



नेपाल उद्योग वाणिज्य महासंघको ५८औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०८० को अवसरमा देशभरिका जिल्ला/नगर उद्योग वाणिज्य संघहरु मध्ये (क) वर्गबाट उद्योग संगठन मोरङ उत्कृष्ट हुन सफल भएको छ । हामीलाई प्राप्त यो सफलतामा साथ, सहयोग, हौसला तथा मार्गनिर्देश गर्नुहुने सबै सरोकारवाला, सदस्य उद्योग प्रतिष्ठान, विकास साझेदार, संचारकर्मी, शुभचिन्तक सबैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

संगठनलाई उद्यमशिलता विकासको व्यवसायीक ईको सिस्टम (वातावरण) सुदृढिकरण र प्रवर्धन गर्ने **Center for Excellence** संस्थाका रुपमा विकास गर्ने हाम्रो प्रयासमा यहाहरुको अझ वढी साथ, सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछौं ।

**उद्योग संगठन मोरङ, परिवार**



